# पर्सागढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

**सहकारी संस्थाका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्ने सम्बन्धी जरुरी सूचना**

प्रकाशित मिति : २०८२।०५।१९

सहकारी संस्थाहरुबाट ऋण लिएका ऋणी सदस्यहरुले तोकेको समयभित्र ऋणको साँवा तथा ब्याज चुक्ता नगर्दा केही संस्थाहरुमा तरलताको समस्या भई सदस्यहरुको बचत फिर्ता गर्न नसकेको जन गुनासो आइरहेको छ। सहकारी संस्थामा सदस्यहरुको बचत रकम नै कर्जाको रुपमा प्रवाह हुने हुँदा सहकारी संस्थाबाट ऋणी सदस्यहरुले आफुले लिएको ऋण तिर्नु नपर्ने जस्ता भ्रामक र गैरजिम्मेवारपूर्ण अभिव्यक्ति समेतको आधारमा ऋण चुक्ता नगर्ने परिपाटीले सहकारी संस्थामा सदस्यहरुले जम्मा गरेको बचत फिर्ता गर्ने कार्य चुनौतीपूर्ण हुँदै गएको पाइएको छ।

सहकारी ऐन, २०७४ को दफा ७९ बमोजिम सहकारी संस्थाबाट लिइएको ऋण रकम ऋणी सदस्यहरुले चुक्ता नगरेमा, कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाकाभित्र ऋणको सावाँ र ब्याज चुक्ता नगरेमा त्यस्तो सदस्यले ऋण लिँदा राखेको धितोलाई संस्थाले लिलाम बिक्री गरी साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सक्ने व्यवस्था रहेको छ। साथै धितोबाट पनि साँवा, ब्याज र हर्जाना असुल उपर गर्न नसकेमा त्यस्तो ऋणीको हकलाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असुल उपर गर्न सकिने समेत व्यवस्था छ। ऐनको दफा ८० बमोजिम संस्थाबाट ऋण लिई समयावधि भित्र ऋणको साँवा, ब्याज फिर्ता नगर्ने व्यक्तिको नाम सहित कालो सूची प्रकाशन गरिने तथा दफा ८४ बमोजिम संस्थाबाट ऋणी सदस्यको बैक खाता जायजेथाको स्वामित्व, हक हस्तान्तरण, नामसारी वा विक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सकिने समेत कानूनी व्यवस्था रहेको हुँदा सम्झौता वा शर्तमा कबुल गरे अनुसार जुन सहकारी संस्थाहरुबाट ऋण लिएको सोही बमोजिम नै आफूले लिएको ऋण चुक्ता गर्न/गराउनुहुन सम्बन्धित सबै ऋणी सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

२०८२।०५।१९

राजु प्रसाद शाह
प्रमुख प्रशासकीय अधिकृत

राजु प्रसाद साह
प्रमुख प्रशासकीय अधिकृत
उपसचिव